# स्थानीय राजपत्र


**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ४) घ्याङलेख, असार २२ गते, २०७७ साल (अतिरिक्ताङ्क २


# भाग १

## घ्याङलेख गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## हायुटार, सिन्धुलीको

## सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको विनियोजन ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७७ सालको ऐन नं. २**

# घ्याङलेख गाउँपालिकाको विनियोजन ऐन, २०७७

**प्रस्तावना:** "घ्याङलेख गाउँपालिकाको आर्थिक बर्ष ०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"घ्याङलेख गाउँपालिकाको विनियोजन ऐन, २०७७"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :**

क) "गाउँ सभा"भन्नाले घ्याङलेख गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "वडा समिति" भन्नाले घ्याङलेख गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ।

घ) "बिषयगत शाखा" भन्नाले घ्याङलेख गाउँपालिकाका अन्तर्गतको शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ।

ङ) "संञ्चित कोष" भन्नाले घ्याङलेख गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ।

३. **आर्थिक वर्ष ०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष ०७७।०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.

४५,३७,२७,०००।०० (**अक्षेरुपी पैतालिनस करोड सैतिस लाख सत्ताईस हजार**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।साथै उक्त रकम वाहेक केन्द्र सरकार,प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचित कोषमा आम्दानी गर्न र तोकिए बमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ ।

४. **विनियोजन: (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष ०७७।०७८ को निमित्त घ्याङलेख गाउँपालिकाको **गाउँ** कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा घ्याङलेख गाउँपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

घ्याङलेख गाउँपालिका

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

घ्याङलेख गाउँपालिका

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**घ्याङलेख गाउँपालिकाको संञ्चित कोषमा जम्मा रहने तथा सोबाट विनियोजन हुने रकम**

| आय | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | शिर्षक | रकम रू. | क.सं. | शिर्षक | चालु | पूंजीगत | जम्मा |
| **१** | **नेपाल सरकार** | **२५४८८९१३०** | **१** | **कार्यालय संचालन खर्च** | ८२९५५००० | ८६००००० | ९१५५५००० |
| १.१ | वित्तीय समानिकरण (७१२०००००) | | **२** | **सामामजिक सुरक्षा भत्ता** | ३५७०००००० | ० | ३५७००००० |
| १.२ | सशर्त अनूदान (१२०५०००००) | | **३** | **नेपाल सरकार सशर्त कार्यक्रम** | १२०५०००००० | ० | १२०५०००००० |
| १.३ | राजस्व वांडफांड रकम (६३१८९१३०) | | **४** | **प्रदेशका सरकार सशर्त कार्यक्रम** | ६२३८००० | १०००००००० | १६२३८००० |
| १.४ | समपुरक अनुदान (०) | | **५** | **सडकबोर्डका कार्यक्रम** | ० | १६५०००० | १६५०००० |
| १.५ | विशेष अनुदान (०) | | **६** | **कोष व्यवस्थापन** | | ० | ० |
| **२** | **नेपाल सरकार** | **३५७००००००** | ६.१ | विपद् व्यवस्थापन कोष | ४०००००० | ० | ४०००००० |
| २.१ | सामाजिक सुरक्षा भत्ता | | ६.२ | मर्मत सम्भार कोष | २०००००० | ० | २०००००० |
| **३** | **प्रदेश सरकार** | **६८५२००००** | **७** | **विषयगत शाखाका थप कार्यक्रम** | | ० | |
| ३.१ | वित्तीय समानिकरण (९९७२०००) | | ७.१ | स्वास्थ्यका कार्यक्रमहरू | ७७८८००० | ६००००० | ८३८८००० |
| ३.२ | सशर्त अनुदान (१६२३८०००) | | ७.२ | शिक्षाका कार्यक्रमहरू | ८६५०००० | १३००००० | ९९५०००० |
| ३.३ | सवारी साधन कर वांडफांड रकम (१२५४६०००) | | ७.३ | कृषि विकास कार्यक्रमहरू | ८२५०००० | ० | ८२५०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.४ | सम्पूरक अनुदान (२९७६४०००) | | ७.४ | पशु सेवाका कार्यक्रमहरू | २५००००० | ० | २५००००० |
| ३.५ | विशेष अनुदान | | ७.५ | महिला, बालबालिक तथा जेष्ठ नागरिक कार्यक्रम | १६८६००० | ० | १६८६००० |
| ४ | **प्रदेश पूर्वाधार साझेदारी विकास कार्यक्रम** | ४०००००० | ८ | **समपुरक कोष (Matching Fund)** | ० | ३२५००००० | ३२५००००० |
| ५ | **अन्य निकाय (जिल्ला समन्वय समिति)** | **२५०००००** | ९ | **गाउंस्तरीय कार्यक्रम** | ११०१०००० | ३७४००००० | ४८४१०००० |
| ६ | **सडकबोर्ड नेपाल** | **१००००००** | १० | **आ.व. २०७७।०७८ का नयां वडास्तरीय कार्यक्रम** | | ० | ० |
| ७ | आन्तरिक आय (२०७७।०७८) को कर, दस्तुर, सेवा शुल्क) | ३०००००० | १०.१ | वडा नं. १ | ४००००० | ६७००००० | ७१००००० |
| ८ | **आन्तरिक आय** (आ.व. २०७६।०७७) सरी आउने अ.ल्या. | **८४११७८७०** | १०.२ | वडा नं. २ | ० | १२९००००० | १२९०००० |
| | | | १०.३ | वडा नं. ३ | ७५०० | २५२५००० | २६००००० |
| | | | १०.४ | वडा नं. ४ | ५०००० | ७४५०००० | ७५००००० |
| | | | १०.५ | वडा नं. ५ | | ७५००००० | ७५००००० |
| | | | ११ | **आ.व.०७६।७७ का सरी आउने (क्रमागत) योजना कार्यान्वयन** | | ० | ० |
| | | | ११.१ | वडा नं. १ | ० | ० | ० |
| | | | ११.२ | वडा नं. २ | ० | २९००००० | २९००००० |
| | | | ११.३ | वडा नं. ३ | | ४४५०००० | ४४५०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ११.४ | वडा नं. ४ | ० | १७००००० | १७००००० |
| | | | ११.५ | वडा नं. ५ | ० | २७५०००० | २७५०००० |
| | | | १२ | आ.व. २०७६।०७७ मा सम्झौता भई आ.व. २०७७।०७८ मा सरी आएका क्रमागत योजना | ० | १२३००००० | १२३००००० |
| | | | १३ | वडा कार्यालय भवन (३ नं) प्रदेश पूर्वाधार साझेदारी विकास | ० | ४००००००० | ४००००००० |
| | | | १४ | जिल्ला समन्वय समिति र गा.पा.को साझेदारी कार्यक्रम | ० | ० | |
| | | | १४.१ | मा.वि. गोपे भवन मर्मत तथा निर्माण | ० | १२००००० | १२००००० |
| | | | १४.२ | ५ नं. वडा कार्यालय भवन निर्माण | | ३५००००० | ३५००००० |
| | जम्मा | ४५३७२७००० | | जम्मा | २९१८०२०००। | १६१९२५००० | ४५३७२७००० |
| | | | | प्रतिशत | ६४.३१ | ३५.६९ | १०० |

**प्रमाणीकरण मिति २०७७।०३।२६**

**आज्ञाले,**

**राम कुमार कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**